केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/०६/०७१/७२ मिति: २०७१/०५/०९

**“क”, “ख” र “ग” वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुको लागि यस बैंकबाट जारी भएको एकीकृत निर्देशन, २०७१ को इ.प्रा. निर्देशन नं. २ को बुँदा नं. ९ को उपबुँदा नं. ५ लाई देहाय बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

“(५) व्यक्तिगत/संस्थागत जमानीमा कर्जा प्रदान गर्दा ऋणीको व्यक्तिगत जमानी रकम बराबरको अन्य कसैको दावी नलाग्ने सम्पत्तिको बिवरण अनिवार्य रुपमा लिनु पर्नेछ। व्यक्तिगत/संस्थागत जमानीमा मात्रै प्रवाहित कर्जालाई पनि उपरोक्तानुसार वर्गीकरण गरी असल, कमसल र शंकास्पद कर्जामा पर्ने भए सो वर्गमा तोकिएको प्रतिशतको अतिरिक्त बीस प्रतिशत थप गरी कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ। अन्य भौतिक, चल, अचल सम्पत्तिको सुरक्षणले नखाम्ने भई थप सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत समेत लिई कर्जा प्रवाह गरेको अवस्थामा समेत माथि उल्लेख भए बमोजिम थप कर्जाको लागि व्यवस्था गर्नु पर्नेछ।

तर, व्यक्तिगत/संस्थागत जमानीमा प्रवाह भएका देहायका कर्जाहरुमा थप कर्जा नोक्सानी व्यवस्था कायम गर्न अनिवार्य हुने छैनः

(क) क्रेडिट कार्ड कर्जा।

(ख) इ.प्रा. निर्देशन नं. ३ को बुँदा नं. ३ को खण्ड (ख) मा उल्लिखित संस्थाहरुलाई प्रदान गरेको कर्जा।

(ग) देहायका शर्तहरुको पालना हुने गरी प्रवाह भएको रु १५ लाखसम्मको व्यक्तिगत कर्जा।

(अ) इजाजतपत्र प्राप्त संस्थाको कर्जा नीतिमा यस किसिमका कर्जा प्रवाह, अनुगमन तथा असुली सम्बन्धमा स्पष्ट उल्लेख गरेको हुनुपर्ने।

(आ) यस किसिमका कर्जा प्रवाहका लागि इजाजतपत्र प्राप्त संस्थाको सञ्चालक समितिबाट छुट्टै प्रोडक्ट पेपर स्वीकृत गराई लागु गरेको हुनु पर्ने र कर्जा प्रवाह गर्दा प्रोडक्ट पेपर पूर्ण पालना गरेको हुनुपर्ने।

(इ) ऋणीको आम्दानीको स्रोतले कर्जा भुक्तानी गर्न सक्ने स्पष्ट आधार हुनुपर्ने। त्यस्तो आम्दानीको स्रोत ऋणीको बैंक तथा वित्तीय संस्थामा रहेको खाताबाट यकीन गरेको हुनुपर्ने। साथै, ऋणीले अनिवार्यरुपमा स्थायी लेखा नम्बर (PAN) लिएको हुनुपर्ने।

(ई) सम मासिक किस्ता (Equal Monthly Installment) मा कर्जा भुक्तानी हुने गरी भुक्तानी तालिका तय हुनुपर्ने र यस्तो कर्जाको अधिकतम समयावधि ५ वर्ष सम्म मात्र हुने।

(उ) यस्तो कर्जा कुल कर्जाको ५ प्रतिशतभन्दा बढी प्रवाह गर्न नपाईने।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(घ) खण्ड (क) र (ग) बमोजिमका कर्जाहरु नब्बे दिन भन्दा बढी अवधिले भाका नाघेमा खराब वर्गमा वर्गीकरण गरी शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने ।

(ङ) यस्ता कर्जाहरुको विवरण छुट्टै तयार गर्नुपर्ने छ ।"

भवदीय,

(वासुदेव अधिकारी)
का.मु.कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ॥
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौ ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ ।